## Te Haumako; Te Whitingia

# समुदायहरुलाई एकसाथ बलियो बनाउने रणनीति

समीक्षा कागजात



Christchurch City Council

Whiria ngā whenu
o ngā papa, honoa ki
te maurua tāukiuki

---

# प्रत्येक चटाईको धागाहरू सँगै बाँध्न र सम्मान र पारस्परिकताको माध्यमबाट एक अर्कोसँग जोडिन

यो भनाईले हाम्रो पारस्परिक प्रतिबद्धतालाई शासकिय पद्दति, नाई टाहु पापाटिपु रुनाङ्गा, सँग समझदारी र सम्मानमा आधारित शासकिय साझेदारी सम्बन्धको लागि जोड दिन्छ। यो साझेदारीले हामीलाई सबैका सामाजिक, आर्थिक, वातावरणीय र सांस्कृतिक हितमा सुधार गर्न र सबैका लागि वैताङ्गी सन्धि प्रतिको हाम्रो प्रतिबद्धतालाई पङ्क्तिबद्ध गर्न र सँगै काम गर्ने  ढाँचाको रुपमा प्रतिबद्ध गर्दछ।

# टे हुमाको; टे फिटिन्गा समुदायहरुलाई एकसाथ बलियो बनाउने रणनीति के हो?

## यो एक स्वस्थ, हसिलो, र बलियो क्राइस्टचर्च र बैंक्स पिनिन्सुला निर्माण गर्न अरूसँग मिलेर काम जारी राख्ने हाम्रो प्रतिबद्धता हो।

सन् २००७ मा जारी हाम्रो पहिलो  समुदाय सुदृढीकरण रणनीति पछि हाम्रो शहर परिवर्तन भएको छ। हामीले सहरको रुपमा धेरै चुनौतीहरूको सामना गरेका छौं तर यी चुनौतीहरूले रचनात्मकता, नवीनतम र सामूहिक कार्यलाई पनि प्रोत्साहीत गरेका छन्।

टे हुमाको; टे फिटिन्गा (Te Haumako; Te Whitingia) समुदायलाई एकसाथ सुदृढ गर्ने रणनीति भनेर पुन: नामाकरण गरियो, ताजा रणनीतिले अहिले र भविष्यमा समुदायका आवश्यकता र आकांक्षाहरूलाई अझ राम्रोसँग पूरा गर्ने लक्ष्य राखेको छ।

## नयाँ रणनीति किन ?

हामीले सन् २००७ को सामुदायिक सुदृढीकरण रणनीतिमा प्रष्ट प्रतिबिम्बित गर्‍यौं कि मानिसहरू विविधता, सहयोग, एक अर्कोमा जोडिएको र भविष्यका लागि क्षमता निर्माणलाई महत्त्व दिन्छन् भनेर।

हामी हाम्रो सहरले सामना गर्ने धेरै जटिल सामाजिक समस्याहरूलाई आफैंले सम्बोधन गर्न सक्दैनौं, तर नेटवर्कहरू विकास र पालनपोषण गर्न र स्रोतहरू र मानिसहरूलाई सँगै ल्याउन मद्दत गर्न सक्छौं ताकि सामूहिक रूपमा हामीले अझ धेरै हासिल गर्न सक्ने छौं।

हामीलाई थाहा छ कि समुदायहरू हामीले सहयोग र साझेदारीमा बढी जोड दिएर लक्ष्य र परिणामहरूमा बढी ध्यान केन्द्रित गरेको चाहन्छन्। तिनीहरू मापनयोग्य लक्ष्यहरू र कार्यहरू चाहन्छन् ताकि हामीलाई थाहा लाग्ने छ कि केले काम गरिरहेको छ र केले छैन।

हामी विश्वास गर्छौं कि यो ताजा रणनीतिले उपरोक्त उद्देश्य पूरा गर्दछ।

## यो रणनीतिमा के छ?

हामीले आगामी दश वर्षमा समुदायसँग मिलेर काम गर्ने हाम्रो प्रतिबद्धतालाई चार वटा स्तम्भहरुको वरिपरि योजनाबद्ध गरेका छौं।



# Te Haumako; Te Whitingia
# समृद्ध बनाउन; चम्किलो बनाउन



# Te Whakakitenga **हाम्रो दृष्टि**

## सक्रिय र आपसमा जोडिएका समुदायहरू आफ्नो भविष्यको स्वामित्व आफै बनाउन्दै

## Ngā Mātāpono **सिद्धान्तहरू र मूल्यहरू**

- वैताङ्गी सन्धि न्यूजिल्यान्डको संस्थापक दस्तावेज हो
- हाम्रो कामले भावी पुस्तालाई विचार गर्दछ
- हामी एक्लै काम गर्दैनौं - हामी सधैं साझेदारी दृष्टिकोण खोज्छौं
- हाम्रा सम्बन्धहरू सहयोगी, विश्वासिलो र स्थायी छन्
- हामी काउन्सिल भरिमा समावेशी अभ्यासहरू गर्न प्रतिबद्ध छौं
- हामी सामाजिक अन्याय र असमानताहरूको प्रतिक्रियाहरूको लागि वकालत र समर्थन गर्छौं
- मानिसहरूको समय, ज्ञान र सीपहरु मूल्यवान छन्



## आउन्दो पाँच वर्षका लागि हाम्रा प्रमुख प्राथमिकताहरू

हामीले समुदायहरूले हामीलाई उनीहरूका लागि महत्त्वपूर्ण भएको भनेर बताएको आधारमा निम्न उच्च प्राथमिकता क्षेत्रहरू पहिचान गरेका छौं।

नतिजाको रुपमा हामीले गर्नेछौं:

- मानिसहरूलाई उनीहरूको समुदाय र काउन्सिल सेवाहरूमा पूर्ण रुपमा सहभागी हुनबाट वञ्चित गर्ने कारक तत्वहरूलाई राम्रोसँग बुझ्नु र प्रतिक्रिया दिनु।
- मिल्दोजुल्दो र सान्दर्भिक तथ्याङ्क हासिल गर्ने कार्यमा सुधार गर्नु, स्पष्ट लक्ष्यहरू बनाउनु र समुदायहरू र अन्यसँग साझेदारी गरी सबैका लागि अझ बढी समान र समावेशी अवसरहरू सुनिश्चित गर्नु।
- सामुदायिक सुरक्षा सुधार गर्नु, विशेष जोड भने अन्धकार पछि मध्य-शहरका लागि दिएर।
- सामुदायिक नेतृत्वका गतिविधिहरूलाई प्रोत्साहन दिनु जसले गर्दा स्थानीय छिमेकीहरूमा स्वयं सेवा वृद्धि होस्, सार्वजनिक स्थानहरू र स्थानहरूलाई समावेशीकरण र आबद्धताको भावनालाई सक्रिय गर्न समर्थन होस्।
- नीति विकास, योजना, निर्णय लिने, सेवा प्रवाह र समीक्षा मार्फत समुदायका प्राथमिकता, मूल्य, आकांक्षा र सरोकारहरूलाई संगठनका सबै तहहरूमा समावेश गरिएको सुनिश्चित गर्नु।
- हाम्रो संलग्नता प्रक्रियाहरू सुधार गर्ने ताकि मानिसहरू र समुदायहरू पूर्ण रुपमा सूचित र प्रमाणिक रुपमा आफ्नो भविष्यलाई आकार दिन र प्रभाव पार्न सक्षम हुनेछन्।
- समुदायहरूलाई जलवायु परिवर्तन र आपतकालिनका प्रभावहरूको प्रतिक्रिया दिन सक्षम पार्नु, विशेष गरि कम प्रतिनिधित्व वा कमजोर समुदायहरूमा जोड दिएर।



# Te Pou **स्तम्भहरु**

## Te Pou Tuatahi: Te Tāngata
## स्तम्भ १: मानिसहरु

**विविधताको मूल्याङ्कन गरेर र समुदाय र पुस्ताहरुमा समावेशीकरणलाई बढावा दिएर समानताको संस्कृतिलाई सक्रिय रुपमा प्रवर्द्धन गर्नु।**

**उद्देश्य १.१:** माना फानुवा र ते होनङ्गा मार्फत टङ्गटा फानुवासँग सम्बन्ध विकास र विस्तार गर्ने।

**उद्देश्य १.२:** प्यासिफिक समुदायहरुसँग सम्बन्ध निर्माण, प्रगाढ र सुदृढ गर्ने।

**उद्देश्य १.३:** बहुसांस्कृतिक रणनीति - हाम्रो भविष्य सँगै मार्फत बहुजातीय र बहुसांस्कृतिक समुदायहरुसँग सम्बन्ध विकसित गरी उपलब्धिहरु निर्माण गर्ने कार्य जारी राख्ने।

**उद्देश्य १. ४:** विविध समुदायहरुको शक्तिको सदुपयोग गर्ने र सामाजिक बहिष्करणका मुद्दाहरुलाई सम्बोधन गर्ने।

**उद्देश्य १.५:** कला, संस्कृति, सम्पदा, मनोरञ्जनमा पहुँच प्रदान गर्ने समूहहरु तथा ती जस्ते वातावरणको ख्याल राख्ने गर्दछ तिनीहरुलाई समर्थन प्रदान गर्ने।

**उद्देश्य १.६:** सबैका लागि आजीवन सिक्ने अवसरहरुलाई सहजीकरण र प्रवर्द्धन गर्ने।

**उद्देश्य १.७:** अन्तरपुस्ताका दृष्टिकोणहरुलाई विशेष ध्यान दिएर एक्लोपन र सामाजिक बहिस्क्रित अवस्थालाई कम गर्न अरुसँग मिलेर काम गर्ने।

## Te Pou Tuarua: Te Whenua
## स्तम्भ २: स्थान

**स्थानीय पहिचान, साझा अनुभव र सम्बर्धनको भावनालाई बढवा दिन समुदायहरु बीच सम्बन्धहरु निर्माण गर्न समर्थन र मद्दत गर्ने।**

**उद्देश्य २.१:** स्थानीय पहिचान र स्वामित्वको भावना सिर्जना गर्न र दिगो बनाउन समुदायहरुलाई प्रोत्साहित गर्ने।

**उद्देश्य २.२:** आफ्नोपनको भावना निर्माण गर्न ग्रामीण र सहरी दुवै क्षेत्रमा नयाँ र परिवर्तनशील समुदायहरुसँग काम गर्ने।

**उद्देश्य २.३:** सार्वजनिक स्थानहरुको सामुदायिक सक्रियता र सार्वजनिक स्थानहरुको काइटिएकिटाङ्ग अर्थात सम्बर्धनलाई समर्थन गर्ने।

## Te Pou Tuatoru: Te Mahi
## स्तम्भ ३: सहभागिता

**बृहत् समुदायका बासिन्दाहरु र समूहहरु सामाजिक र सक्रिय रुपमा संलग्न छन् र उनीहरु आफ्नो जीवनलाई असर र प्रभाव पार्ने निर्णयहरु गर्न सक्षम छन्।**

**उद्देश्य ३.१:** स्थानीय बासिन्दाहरु तथा समूहहरुलाई आफ्नो समुदाय र छिमेकीहरुलाई असर पार्ने निर्णयहरुमा भाग लिन सशक्त र सुसज्जित गर्ने।

**उद्देश्य ३.२:** काउन्सिलको निर्णय गर्ने प्रक्रियाको बुझाई बढाउने र मानिसहरुलाई उनीहरुको भनाई राख्न प्रोत्साहीत गर्ने। हामी अझ धेरै मानिसहरु निर्णय प्रक्रियामा संलग्न भएको हेर्न चाहन्छौं, र उनीहरुको विचार सुनिएको महसुस गरोस् भन्ने चाहन्छौं।

**उद्देश्य ३.३:** प्रभावकारी निर्णय र सामुदायिक संलग्नताको लागि कर्मचारी र निर्वाचित सदस्यहरुलाई राम्रोसँग सूचित समर्थन र सल्लाह प्रदान गर्ने।

**उद्देश्य ३.४:** काउन्सिल र बृहत समुदायमा स्वयमसेवा अवसरहरु बढाउने र त्यस्ता अवसरहरु प्रदान गर्ने संस्थाहरुलाई समर्थन गर्ने।

## Te Pou Tuawhā: Te Takatū
## स्तम्भ ४: तयारी

**मानिसहरुले आफ्नो समुदाय र छिमेकमा सुरक्षित महसुस गर्छन् र परिवर्तन र अवरोधको सन्दर्भमा बुझ्न, अपनाउन र फस्टाउन एकसाथ काम गर्ने गर्छन्।**

**उद्देश्य ४.१:** आपतकालिन अवस्थाहरुका लागि तयारी गर्न र प्रतिक्रिया दिन समुदायहरुसँग मिलेर काम गर्ने, तथा जलवायु अनुकूलन कार्य पनि वृद्धि गर्ने।

**उद्देश्य ४.२:** जोखिम, अवरोध र परिवर्तनलाई योजना बनाउन, अनुकूलन गर्न र प्रतिक्रिया दिन समुदाय र स्वैच्छिक क्षेत्रको क्षमतालाई समर्थन गर्ने।

**उद्देश्य ४.३:** छिमेकीपनको भावना बढाउने उद्देश्य लिएका छिमेकी र शहर भरि रहेका पहलहरुलाई समर्थन गर्ने।

# Whakatinanatanga कार्यान्वयन:

यस रणनीतिलाई साकार बनाउनु हाम्रो काउन्सिल-व्यापी प्रयास हो। यस रणनीतिले सामुदायिक नतिजाहरूलाई प्रभाव पार्ने लक्ष्य राख्दछ, र प्रायः जटिल सम्बन्धहरू र अन्तरनिर्भरताहरू मार्फत काम गर्ने प्रयास गर्दछ। हामी एक्लै काम गर्दैनौं, र संगठन र शहर भरिका प्रमुख सरोकारवालाहरू र समुदायहरूसँग साझेदारी र सहकार्यमा भर पर्दछौं।

## हामीले हाम्रो प्रगति कसरी अनुगमन गर्ने गर्छौं?

हामीले हाम्रो रणनीतिका उद्देश्यहरू सम्बन्धित कार्यसम्पादनका नतिजाहरू तथ्याङ्क र कथाहरूको मिश्रण प्रयोग गरेर वार्षिक रूपमा मापन गर्ने छौं। हामी एक क्रस-काउन्सिल कार्यान्वयन टोली पनि स्थापना गर्नेछौं जसले:

- हाम्रा लक्ष्यहरू र उद्देश्यहरू परिचालन स्तरहरूमा कसरी र आवश्यकता अनुसार प्राप्त हुन्छन् भनेर देखाउन सम्बन्धित समितिहरू र कार्य समूहहरूलाई रिपोर्ट गर्नेछ।
- वर्तमान सामुदायिक बोर्डले स्थानीय प्रगतिका कथाहरू बताउने द्वि-मासिक रिपोर्टहरू काउन्सिललाई प्रस्तुत गर्नेछ।
- गतिविधिहरू सबैसँग बाड्न र सफलतामा प्रकास पार्न सामुदायिक न्यूजलेटरहरू उत्पादन गर्नेछ।
- रणनीति उद्देश्यहरूसँग सान्दर्भिक सर्वेक्षण तथ्याङ्कहरु पछ्याउने छ।
- सामुदायिक र सार्वजनिक स्वास्थ्य र वातावरण क्यान्टरबरीसँगको सबै नीतिहरूमा हाम्रो संयुक्त स्वास्थ्य कार्य योजनामा सहमति भएका कार्यहरूको निरीक्षण गर्नेछ।
- एक उत्कृष्ट अभ्यासको रुपमा सामुदायिक रिपोर्टिङ र कथा कथनलाई साझा गर्न र सामाजिक प्रभावलाई प्रकास पार्ने कार्य गर्न प्रोत्साहन दिने छ।
- सामुदायिक अनुदान कोष रिपोर्ट सहित वार्षिक कार्यान्वयन योजना अद्यावधिक (अपडेट) गर्नेछ।
- २०२७ मा कार्यान्वयन योजना अद्यावधिक (अपडेट) गर्नेछ।





# Te Haumako; Te Whitingia

# समुदायहरुलाई एकसाथ बलियो बनाउने रणनीति

## समीक्षा कागजात

रणनीतिको पूर्ण संस्करण हेर्नको लागि,
कृपया निम्न पेजमा जानुहोलाः

**ccc.govt.nz**

Christchurch City Council